निर्णयहरु

१. “प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्वन्धी विधेयक २०७५” तर्जुमा गर्न सैद्धान्तिक स्वीकृत दिने विषयको आन्तरिक मामिला तथा कानून मन्त्रालयको नं. २/१७/१३५ - २०७५/१२/१९ को प्रस्तावमा देहाय बमोजिम गर्ने-

“प्रस्तावमा लेखिए बमोजिम गर्ने ।”

२. “राहत रकम उपलब्ध गराउन स्वीकृति दिने” विषयको आन्तरिक मामिला तथा कानून मन्त्रालयको नं. २/१८/१३६-२०७५/१२/१९ को प्रस्तावमा देहाय बमोजिम गर्ने-

“(क) यही २०७५ चैत्र १७ गतेका दिन प्रदेश नं. २ का बारा, पर्सा जिल्लामा हावाहुरी अग्निनाबाट धनजनको अपुरणीय क्षति भएकोमा यस सुदूरपश्चिम प्रदेश सरकार गहिरो दु:ख व्यक्त गर्दछ । यस दुखद घडीमा शोक सन्तप्त परिवारजनहरु प्रति समवेदना प्रकट गर्दै सम्पूर्ण घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ ।

(ख) उक्त घटनामा परी दिवंगत हुनुभएका व्यक्तिका परिवारहरु र घाइते पर्नु भएका व्यक्तिहरुको राहत तथा उद्धारका लागि यस प्रदेश सरकारबाट रु.एक करोड रुपैया प्रदेश नं. २ सरकारको राहत कोषमा जम्मा हुनेगरी आर्थिक मामिला तथा योजना मन्त्रालयले निकासा दिने ।”

३. “प्रादेशिक औद्योगिक व्यवसाय सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५” लाई प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने बिषयको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको ४/१३/१३७ -२०७५/१२/१३ को प्रस्तावमा देहायबमोजिम गर्ने-

“प्रस्तावलाई आबश्यक छलफलका लागि मन्त्रिपरिषद् प्रशासन तथा विधेयक समितिमा पठाई समितिको निर्णय बमोजिम गर्ने ।”

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश